नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
# केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
**महाराजगञ्ज, काठमाडौं ।**
**मिति:** २०७९/०४/२४ गते ।

## प्रेस विज्ञप्ती- ११

## "जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी पक्राउ"

मिति २०७३/११/०८ गते जिल्ला काठमाडौं, का.म.पा. वडा नं. १४, कालिमाटीमा वर्कशप/ ग्यारेज संचालन गरी बस्ने भारतीय नागरिक बर्ष ४२ का सकिल खानले ३२ बर्षीय महिलालाई मा.प.से. गराई लठ्ठ बनाई ब्यापार ब्यवसाय संचालन गर्ने सामान किन्नका लागि भारत लैजान्छु भनी झुक्याई काठमाडौंको नयाँबसपार्क जाने भनी ट्याक्सी चढाई जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ११, सुन्धारा स्थित ओम सुन्धारा गेष्ट हाउसमा लगी जबरजस्ती करणी गरेको मुद्दामा सम्मानित उच्च अदालत पाटनबाट निज प्रतिवादी सकिल खानलाई मुलुकी ऐन, जबरजस्ती करणीको महल वमोजिम ५ (पाँच) बर्ष कैद निर्धारण हुने गरी फैसला भएको र निज प्रतिवादी उक्त सजाय वेरुजू रही भागी फरार रहेको अवस्थामा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०४/२४ गते कुलेश्वर, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आजै सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **प्रतिवादी:** | सकील खान |
| **उमेर:** | ४४ बर्ष |
| **ठेगाना:** | भारत, पूर्वी चम्पारण मोतीहारी तुरकौलिया थाना रगुनाथपुर गाँऊ वतन भई जिल्ला काठमाडौं, का.म.पा. १४ |
| **मुद्दा:** | जबरजस्ती करणी |
| **सजाय:** | ५ (पाँच) बर्ष कैद |
| **फैसला मिति:** | २०७६/०५/०८ |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/०४/२४ |
| **पक्राउ स्थान:** | कुलेश्वर, काठमाडौं |

**उप निर्देशक**
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर:९८५१२८१३३४
मिति २०७९/०४/२४ गते ।